प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/२८
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ४८६, भक्तपुरमा १०१, धादिङमा ३४, ललितपुरमा ३३, चितवनमा २७, मकवानपुरमा १४, नुवाकोटमा ९, काभ्रेपलान्चोकमा ७, रामेछापमा २, दोलखामा १ र सिन्धुपाल्चोकमा १ गरी जम्मा ७१५ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी ( Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाण्डौ-६, जोरपाटी निवासी ६५ वर्षिया महिलाको मिति २०७७ भाद्र २७ गते राती १०:५७ बजे सशस्त्र प्रहरी वल अस्पताल, बलम्बुमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई भाद्र १६ गते अस्पताल भर्ना भएकी निजको भाद्र १४ गते स्वाव नमुना संकलन गरी परिक्षण गर्दा भाद्र १५ गते कोरोना पुष्टी भएको थियो (निज मृगौला, मुटु, दम तथा उच्च रक्तचापको समेत विरामी रहेको ) । काठमाण्डौ निवासी ५९ वर्षिय पुरुषको मिति २०७७ भाद्र २७ गते राती ११:१५ बजे त्रि. वि. शिक्षण अस्पताल, महाराजगंजमा निधन भएको छ । मधुमेह, उच्च रक्तचाप तथा रक्तअल्पता भई भाद्र १९ गते अस्पताल भर्ना भएका निजको भाद्र २१ गते कोरोना पुष्टी भएको थियो । त्यस्तै काठमाण्डौ निवासी ७० वर्षिय पुरुषको मिति २०७७ भाद्र २७ गते वेलुका ४:०० बजे त्रि. वि. शिक्षण अस्पताल, महाराजगंजमा निधन भएको छ । मुटु सम्बन्धी समस्या भई भाद्र १४ गते अस्पताल भर्ना भएका निजको भाद्र २६ गते कोरोना पुष्टी भएको थियो । काठमाण्डौ-९ निवासी ६४ वर्षिय पुरुषको मिति २०७७ भाद्र २८ गते विहान २:२० बजे त्रि. वि. शिक्षण अस्पताल, महाराजगंजमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई भाद्र १५ गते अस्पताल भर्ना भएका निजको भाद्र १४ गते कोरोना पुष्टी भएको थियो (निज मुटु, मृगौला तथा उच्च रक्तचापका समेत विरामी रहेको) । काठमाण्डौ-१६ ,नयाँबजार निवासी ६५ वर्षिया महिलाको मिति २०७७ भाद्र २७ गते वेलुका ७:३० बजे पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान , ललितपुरमा निधन भएको छ । ज्वरो, खोकी, श्वासप्रश्वासमा समस्या तथा निमोनिया भई भाद्र १५ गते अस्पताल भर्ना भएका निजको भाद्र १४ गते कोरोना पुष्टी भएको थियो (निज मनमोहन अस्पतालबाट प्रेषण भएको) । काठमाण्डौ-१३,ताहाचल निवासी ५९ वर्षिय पुरुषको मिति २०७७ भाद्र २८ गते विहान १० :०० बजे वयोधा अस्पतालमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई भाद्र २८ गते नै अस्पताल आएका निजको भाद्र २२ गते कोरोना पुष्टी भइ घरमै आइसोलेशनमा थिए (निज मुटु तथा मस्तिस्कघातबाट समेत ग्रसित रहेको) ।
- मध्यपुर थिमी-५, भक्तपुर निवासी ७२ वर्षिय पुरुषको मिति २०७७ भाद्र २६ गते राती ९:४५ बजे पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान , ललितपुरमा निधन भएको छ । ज्वरो , श्वासप्रश्वासमा समस्या भई भाद्र १६ गते अस्पताल भर्ना भएका निजको भाद्र १७ गते कोरोना पुष्टी भएको थियो (निज दम, मधुमेह तथा मृगौलाका समेत

बिरामी रहेको) । त्यस्तै मध्यपुर थिमी-७, भक्तपुर (वोडे) निवासी ३८ वर्षिय पुरुषको मिति २०७७ भाद्र २७ गते विहान ७:४० बजे मेघा अस्पताल , ललितपुरमा निधन भएको छ । निजको भाद्र २५ गते कोरोना पुष्टी भएको थियो । सिन्धुपाल्चोक निवासी ५९ वर्षिय पुरुषको मिति २०७७ भाद्र २८ गते विहान १२:३५ बजे त्रि. वि. शिक्षण अस्पताल, महाराजगंजमा निधन भएको छ । कडा निमोनियाको समस्या भई भाद्र २४ गते अस्पताल भर्ना भएका निजको भाद्र १७ गते कोरोना पुष्टी भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्र देशमा देशको कुल संक्रमणको २७ प्रतिशत (२७.२७%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ५४१५९ (१००%) | १५३१२ (१००%) |
| निको भएको | ३८६९७ (७०.६%) | ७३८४ (४८.२%)* |
| उपचाररत | १५११७ (२८.७%) | ७८२० (५१.1%)* |
| मृत्यु भएको | ३४५ (०.७%) | १०८ (०.७%)* |
| श्रोत: | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२८ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२८ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८७०४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ४९४ जना बस्दै आउनुभएको र १३०५ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३२०९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३३७५ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ८०७४८ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | 1050 | 113 | 267 | 1347 | 2174 | 26466 | 486 | 9593 |
| ललितपुर | 371 | 31 | 80 | 289 | 208 | 2357 | 33 | 1164 |
| भक्तपुर | 105 | 6 | 165 | 331 | 140 | 7295 | 101 | 1007 |
| रसुवा | 255 | 13 | 0 | 35 | 0 | 826 | | 20 |
| नुवाकोट | 953 | 66 | 42 | 40 | 11 | 4065 | 9 | 122 |
| धादिङ | 315 | 7 | 23 | 112 | 34 | 2903 | 34 | 323 |
| चितवन | 2465 | 64 | 468 | 355 | 547 | 15779 | 27 | 1313 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिन्धुली | 392 | 18 | 13 | 43 | 2 | 2607 | | 100 |
| मकवानपुर | 407 | 31 | 4 | 217 | 117 | 7514 | 14 | 982 |
| रामेछाप | 490 | 65 | 49 | 98 | 12 | 1329 | 2 | 116 |
| दोलखा | 203 | 19 | 4 | 27 | 8 | 2050 | 1 | 95 |
| काभ्रेपलान्चोक | 909 | 39 | 89 | 259 | 118 | 4020 | 7 | 349 |
| सिन्धुपाल्चोक | 789 | 22 | 101 | 56 | 4 | 3537 | 1 | 128 |
| जम्मा | 8704 | 494 | 1305 | 3209 | 3375 | 80748 | 715 | 15312 |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौंडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २२३२६ | २९८ | ९६ | ३२ जनाः मकवानपुर-१४, फलोअप-१८ | ६४ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ४१२६ | २७६ | ३९४ | ५७ जनाः भक्तपुर-२०, काभ्रेपलान्चोक-६, काठमाण्डौ-३, दोलखा-१, सुनसरी-१, महोत्तरी-१, फलोअप-२५ | ३३७ | |

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२७

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२७

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठननेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई